## 1. Geography and climate of Japan

## १. जापानको भूगोल तथा जलवायु

- National land
- राष्ट्रीय भूमि

The Japanese Archipelago is comprised of four major islands (Hokkaido, Honshu, Shikoku and Kyushu). In addition to the four islands, it has several thousand smaller islands.
चार प्रमुख द्वीपसमूह (होक्काइदो, होन्सु, शिकोकु र क्युशु) मिलेर जापानी लघुद्वीपपुन्ज बनेको छ । यी चार द्वीपसमूहका अतिरिक्त जापानमा कैयौं हजार स-स्याना द्वीपहरू छन् ।

Mountains account for 80% of the land area of Japan, and accordingly there are few plains. There are many active and dormant volcanoes, along with many accompanying hot springs.
जापानको भूक्षेत्रको ८०% नै पहाड़-पर्वतले ओगटेको छ, त्यसो हुँदा मैदानी भाग थोरै मात्र छ । त्यहाँ तातोपानीका थुप्रै छहराहरू लगायत धेरैवटा सक्रिय तथा सुप्त ज्वालामुखीहरू छन् ।

Worshipping tall mountains is a tradition, and they have long been regarded as sacred. Mt. Fuji, which stands 3,776 meters tall, has been especially venerated as the tallest mountain in Japan.
अग्ला पर्वतहरूको पूजा गर्नु त्यहाँको परम्परा नै हो, औ ती पर्वतहरू आदिकालदेखि नै पवित्र मानिन्छन् । ३,७७६ मीटर अग्लो पर्वत 'माउन्ट फूजी' लाई जापानको सर्वोच्च पर्वतको रूपमा विशेषगरी आदर गरिन्छ।

Japan is often struck by natural disasters, such as earthquakes, typhoons and volcanic eruptions. One of the greatest disasters in recent years was the Great Hanshin-Awaji Earthquake, which devastated Kobe and its surrounding area in 1995. In 2004, a huge quake caused heavy damage in Chuetsu, the southern part of Niigata prefecture.
भूइँचालो, आँधी-तूफान र ज्वालामुखी-विस्फोट जस्ता प्राकृतिक आपदाहरूले जापानलाई प्रायःजसो सताइ रहन्छ । हालैका वर्षहरूमा आएका सर्ववृहत आपदाहरूमध्ये एउटा थियो 'हान्सीन-आवाजी महा-भूइँचालो' जसले सन् १९९५ मा कोबे र वरिपरिका इलाकाहरूलाई ध्वस्त नै पारेको थियो । सन् २००४ मा एउटा ठूलो भूइँचालो जाँदा निगटा प्रशासिनक क्षेत्रको दक्षिणी पाटोस्थित 'च्वेत्सु' मा ठूलो क्षयक्षति भएको थियो ।

- Climate
- जलवायु

The land area of Japan spans various climatic zones. Hokkaido, the northernmost part of Japan, has a subarctic climate, while Okinawa, the southernmost part, has a subtropical climate. A chain of high mountains runs through Honshu and divides this main island into two distinctive climatic zones, the Pacific side and the Sea of Japan side. The regions along the Sea of Japan receive high snowfall in winter.
जापानको भू-क्षेत्र विभिन्न जलवायुगत अन्चलहरूमा फैँजिएको छ । जापानको एकदमै उत्तरीभागमा पर्ने होक्काइदोमा उपोत्तरध्रुवीय जलवायु छ, जबकि एकदमै दक्षिणीभागमा पर्ने ओकिनावामा उष्णकटिबन्धीय जलवायु छ । होन्सु क्षेत्र भएर उच्च पर्वतमाला गुज्रेको छ औ त्यसले मूख्य द्वीपलाई दुइ पृथक जलवायुगत अन्चलहरूमा-प्रशान्त महासागरपट्टि र जापान सागरपट्टि विभाजित गर्दछ । जापान सागरपट्टिका इलाकाहरूमा शीतकालभरि निकै बरफ पर्नेगर्छ ।

- Seasons
- मौसम/ ऋतुकाल

Japan has four clearly defined seasons – spring, summer, autumn and winter. This seasonal division is essential to understanding Japanese culture. For example, haiku, a kind of Japanese verse that consists of 17 syllables, basically includes words that describe the season. People also enjoy many seasonal activities such as picnicking under the cherry blossoms and chrysanthemum viewing, as well as seasonal festivals.
जापानमा चारवटा सुपरिभाषित ऋतुहरू आउँछन् – बसन्त, ग्रीष्म, शरत र शीत । जापानी संस्कृतिलाई बुझ्न यी ऋतुगत विभाजनहरू जान्नु आवश्यक हुन्छ । उदाहरणार्थ, १७ वटा शब्दांशहरूबाट रचित एक प्रकारको जापानी कविता 'हाइकु' मा सामान्यतः मौसम वा ऋतुकाल वर्णन गरिएका शब्दहरू समाविष्ट हुन्छन् । त्यहाँका मानिसहरूले पैयुँ र गोदावरी फूलहरू लटरम्म फूलेका ठाउँहरूमा गइकन बनभोज मनाउने तथा मौसमी उत्सवहरू मनाउने जस्ता आमोदजनक गतिविधिहरूमा सामेल भइ मनोरन्जन पनि गर्दछन् ।

The season of the cherry blossoms is also culturally important to the Japanese people because the cherry blossom is the national flower of Japan, and blooms at the beginning of the new school year, symbolizing entrance ceremonies.
पैयुँ फुल्ने मौसम, जापानीहरूका लागि सांस्कृतिक रूपमा पनि महत्वपूर्ण छ, किनभने पैयुँ वा 'चेरी ब्लसम' जापानको राष्ट्रीय पुष्प हो अनि यो फुल पाठशालाको नयाँ वर्ष शुरू हुने बेलामा फुल्दछ जसलाई प्रविष्टि समारोहहरूको प्रतीक मानिन्छ ।

- Forty-seven prefectures (consisting of one “*to*”, one “*do*”, two “*fu*” and forty-three “*ken*”)
- सैँतालीसवटा प्रशासनिक क्षेत्र (जसमध्ये एउटा *"तो"*, एउटा *"दो"*, दुइटा *"फू"* अनि त्रिचालीस वटा *"केन"* हुन्छन्)।

The capital of Japan is Tokyo, and the country consists of 47 administrative units referred to variously as "*to*" (metropolis), "*ken*" (prefecture), and so on. Japan’s regions are further divided into about 3,200 smaller administrative units (municipalities). The central government is recommending the merger of these municipalities with nearby cities, towns and/or villages to improve the efficiency of local administration.

जापानको राजधानी हो तोक्यो, अनि देशमा ४७ वटा प्रशासनिक एकाइहरू छन् जो *"तो"* (प्रमुख नगरहरू), *"केन"* (प्रशासनिक क्षेत्र), आदिका रूपमा चिनिन्छ। जापानका क्षेत्रहरू अन्य करीब ३,२०० लघु प्रशासनिक एकाइहरू (नगरपालिकाहरू) मा विभाजित छन्। स्थानीय प्रशासनको प्रभावकारितामा सुधार ल्याउन केन्द्र सरकारले यी नगरपालिकाहरूलाई निकटस्थ महानगर, शहर तथा/अथवा गाउँहरूसित मिलाउने सिफारिश गर्दैछ।